**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 04.10.2024**

**डिआरआर डी**

राज्यमा आज राज्य आपदा जोखिम न्यूवीकरण दिवस पालन गरियो।
गत वर्ष आजकै दिन उत्तर सिक्किममा ल्होनाक झील बिस्फोटको कारणले टिस्टा नदीमा आएको भयावह भलवाढ़ीले गर्दा धेरै ज्यानमालको क्षति भएको थियो।
सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरण र भू- राजस्व तथा आपदा प्रबन्धन विभागको तत्वावधानमा मुख्य कार्यक्रम गान्तोकको चिन्तन भवनमा आयोजित भयो।
यसलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै मुख्यमन्त्री श्री प्रेमसिंह तामङले भन्नुभयो टिस्टा बाढ़ीको घटनाले राज्यलाई धेरै क्षति भयो तथापि यसले शिक्षा पनि दिएर गएको छ।.....
उहाँले घरहरू निर्माण गर्दा सरकारको दिशानिर्देश पालन गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो र भन्नुभयो विशेष गरी नदीका किनार र अन्य सम्वेदनशील क्षेत्रहरूमा घर बनाउँदा सुरक्षाका उपायहरू अप्नाउनुपर्छ।
हालै सम्पन्न हिमतालहरूको अध्ययन भ्रमण अभियानमा संलग्न सरकारी विभागरू, संगठन र एजेन्सीहरूको समर्पण तथा प्रयासको प्रशंसा गर्दै श्री तामङले भन्नुभयो राज्यले प्रशंसा गर्दै श्री तामङले भन्नुभयो राज्यले सामना गर्नु परेका जोखिमहरूबारे जानकारीका लागि यस्तो अभियान र अध्ययन महत्वपूर्ण छ।
मुख्यमन्त्रीले भन्नुभयो राज्य सरकार समक्ष अध्ययन रिपोर्ट प्रस्तुत गरेपछि सरकारी अधिसूचना जारी गरिनेछ र सबैले यसको कड़ा रूपमा पालन गर्नुपर्छ।
श्री तामङले राज्य सरकारको वन विभाग अधिन रहेर विभिन्न परिस्थितिमा जोखिमपूर्ण काम गर्दै आएका लम्वरज्याकहरूको जीवन बीमा गर्ने घोषणा गर्नुभयो।
पछिल्लो दशका आपदामा परेर ज्यान गुमाउनेहरू सबैप्रति श्रध्यासुमन अर्पण गर्दै मुख्यमन्त्रीले मानिसहरूसित उनीहरूका वलिदानको स्मरण गर्दै भावी पिढ़ीका लागि सुरक्षाका उपायहरूमा सुधार ल्याउने आग्रह गर्नुभएको छ । उहाँले राष्ट्रिय आपदा प्रतिक्रिया बल एनडिआरडी राज्य आपदा प्रतिक्रिया बल एसडिआरएफ सेनाका जवानहरू र सम्वन्धित सबैप्रति कृतज्ञता प्रकट गर्नुभयो।
आफ्नो वक्तव्यमा भू राजस्व तथा आपदा प्रवन्धन विभागकी राहत आयुक्त तथा सचिव सुश्री नम्रता थापाले आपदाको तयारीमाथि राज्यको प्रयासबारे अवगत गराउनुभयो । हिमताल विस्फोट जिएलओएफ(गल्फ) लाई राज्यको एउटा खुबै चिन्ताको विषय बताउँदै उहाँले भन्नुभयो उपयुक्त पाइला चालेर सरकार सदैव पर्यावरण सम्वन्धी त्रासदीको समाधान गर्न अग्रसर रहेको छ।
कार्यक्रम आरम्भमा भलवाढ़ीमा ज्यान गुमाउनेहरूप्रति श्रद्यासुमन अर्पण गर्दै उनीहरूको स्मरणमा मौन धारण गरियो।
यस अवसरमा राज्य विधानसभा उपाध्यक्ष, विभिन्न विभागका मन्त्रीहरू, विधायकवर्ग, राज्य सरकारका वरिष्ठ अधिकारी र आपदासित सम्वन्धित विशेषज्ञहरूको उपस्थिती थियो।

**गभर्नर**

राज्यपाल श्री ओमप्रकाश माथुरले गत वर्ष हिमनदी फुटेर घटेको त्रासदीमा ज्यान गुमाउने नागरिकहरू, सेनाका जवान र सबै दिवसंतहरूप्रति श्रद्धाञ्ली अर्पण गर्नुभएको छ।

स्थितिलाई सामान्य बनाउन सहायक बनेका राज्य सरकार, भारतीय सेना, बीआरओ अनि विशेष गरी केन्द्र सरकार, प्रधानमन्त्री, गृह मन्त्रालय, राष्ट्रिय आपदा प्रवन्धन प्राधिकरण र स्वयं सेवकहरू सबैप्रति उहाँले आभार प्रकट गर्नुभएको छ।

**लम्बरज्याक ग्राटिट्युट**

यसैबीच वन विभाग अधिन कार्यरत लम्बरज्याकहरूले उनीहरूका लागि  जीवनवीमाको घोषणा गरिएकोमा मुख्यमन्त्री र राज्य सरकारप्रति कृतज्ञता प्रकट  गरेका छन्।

यस्तो घोषणापछि प्रतिक्रिया व्यक्त गर्दै उनीहरूले आवश्यक उपकरणहरू र प्रशिक्षणको व्यवस्था गर्ने आग्रह पनि गरेका छन्।

**बिबिबिपी पाक्योङ**

बेटी बचाओ बेटी  पढाओ पहल अन्तर्गत महिला तथा बाल विकास विभाग पाकिम जिल्लाले पाकिममा दस दिने लामो विशेष कार्यक्रम गरिरहेछ।

गत बुधबार दुई अक्तुवरमा शुभारम्भ गरिएको कार्यक्रम आँउदो  एघार तारीक अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा समाप्त हुनेछ।

उद्घाटन दिवसको अवसरमा बालिकाहरूले झेल्नु परिरहेका चुनौतीहरूको समाधान गर्न पर्ने आवश्यकता लिंग समानता र बालिकाहरूको अधिकारहरूबारे प्रकाश पारियो।

आफ्नो वक्तव्यमा उप निदेशक तथा समाज कल्याण अधिकारी श्रीमती डिकित लेप्चाले महिला तथा बालवालिकहरूको सहयोग गर्ने उद्देश्यले शुरू गरिएका   योजनाहरूबारे जानकारी दिनुभयो।

**सोरेङ बिबिबिपी**

सोरेङमा पनि हिजो भोजनको आदत,कानुनी सेवा, बाल सुरक्षासंगै चाइल्ड हेल्पलाइन र महिला हेल्पलाइन सम्वन्धमा जागरूकतामाथि एउटा कार्यक्रम आयोजन गरियो।

यसमा बेटी बचाओ बेटी पढाओ अभियान र अन्तर्राष्ट्रिय बालिका दिवसका कार्यक्रमहरूबारे चर्चा गरियो।

**सीतारमन कौटिल्य**

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमनले भन्नुभएको छ सरकार राजकोषीय अनुशासनका लागि प्रतिबद्ध छ।

नयाँ दिल्लीमा आज कौटिल्य आर्थिक सम्मेलन 2024 मा बोल्दै उहाँले भन्नुभयो वित्तीय घाटा वित्त वर्ष 2024 को सकल घरेलू उत्पादको पाँच दशमलउ  छ प्रतिशतबाट अझै घटेर वित्त वर्ष 2025 मा चार दशमलउ नौ प्रतिशत हुने अनुमान छ।

श्रीमती सीतारमनले भन्नुभयो गरीबगुर्बा, महिलाहरू, युवा र कृषक विकसित भारतको विकास प्रक्रियाका सर्वाधिक हितधारक र लाभार्थी हुन्।

केन्द्रीय वित्तमन्त्रीले भन्नुभयो दुइ हजार सैतांलिस सालसम्म विकसित भारतले विचारहरू, प्रौद्योगिकी र संस्कृतिक जीवन्त आदान प्रदानको केन्द्र बनेर भारतीयहरू मात्र होइन अन्य ठाँउमा पनि समृद्धि ल्याउनेछ।